








प्रदेश नं. १

# थोक उपभोक्ता विशिष्टिकृत
सहकारी संघ लिमिटेड

4th

# प्रतिवेदन

## ANNUAL GENERAL MEETING

## चौंथो वार्षिक साधारण सभा

मितिः २०८१ माघ ३० गते बुधबार

023585640 www.thokupabhokta.coop.np Damak, Jhapa

# संचालक समिति



**महेन्द्र कुमार गिरी**
अध्यक्ष



**टिकादत्त वन**
उपाध्यक्ष



**प्रेम सापकोटा**
सचिव



**केवालीराम आचार्य**
संचालक सदस्य



**रुकमणि कार्की भुसाल**
संचालक सदस्य



**चित्रमान प्रधान**
संचालक सदस्य



**वीरेन्द्र यादव**
संचालक सदस्य



**सन्तोष मण्डल**
संचालक सदस्य



**नविन खरेल**
संचालक सदस्य

# लेखा सुपरिवेक्षण समिति



**अमृत गुरुङ**
लेखा संयोजक




**हरिकृष्ण अधिकारी**
लेखा समिति सदस्य



**गोपाल पौडेल**
लेखा समिति सदस्य




**सन्दिप गिरी**
प्रबन्धक



## परिकल्पना

सहकारीहरुको माध्यमद्धारा बस्तु तथा सेवाको बजारीकरण गरी दिगो ब्यवसायीक संघको रुपमा स्थापित हुने ।

## ध्येय



- सहकारीहरु बिचको लगानीबाट ब्यवसायिक संघको रुपमा स्थापित हुने,
- प्रारम्भिक सहकारीहरु संस्था तथा सहकारीका सदस्यहरुलाई ब्यवसाय गर्न प्रोत्साहन गर्ने,
- सहकारीहरु लाई आवश्यक पर्ने कृषि औजार, उपकरण, प्राविधिक ज्ञान र सिपको खोजी गरी प्रारम्भिक सहकारीहरु सम्म पुर्याउने,
- प्रारम्भिक सहकारीहरुका बस्तुहरु थोक मात्रामा खरिद गरी ब्राण्डीङ सहित सहकारीको माध्यमबाट नै बिक्रीको ब्यवस्था मिलाउने,
- उत्पादित बस्तुहरुका लागी मेची देखि महाकाली सम्म एउटै ब्राण्ड अन्तर्गत रही बजारको बिस्तार गर्ने,
- अत्याधुनिक प्रबिधि सँगै ब्यवसायलाई जोड्दै लाने,

मिति: २०८१/१०/०९

श्री......................................... ज्यू,
...................................................

**बिषय: चौथो वार्षिक साधारणसभामा उपस्थिति सम्बन्धमा ।**

महोदय,
उपरोक्त सम्बन्धमा संघको मिति २०८१/१०/०६ गतेको सञ्चालक समितिको बैंठकको निर्णय अनुसार यस संघको चौथो वार्षिक साधारण सभा संघिय सहकारी ऐन २०७४ को परिच्छेद ६ को दफा ४० को उपदफा ५, प्रदेश सहकारी ऐन २०७६, प्रदेश सहकारी नियामवाली २०७६, संघको विनियम २०७८, प्रदेश सहकारी रजिष्ट्रारको कार्यलयले विभिन्न समयमा जारी गरेको निर्देशन अनुसार निम्न बिषयहरुमा छलफल गरी निर्णय गर्नको लागी सबै सेयर सदस्य संस्थाका प्रतिनिधि ज्यूहरु लाई साधारणसभाको बैठकमा सहभागिताको लागी हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभाका प्रस्तावहरु :**

१. सञ्चालक समितिको चौथो वार्षिक प्रतिवेदन पारित सम्बन्धमा ।
२. आ.व. ०८०/८१ को वार्षिक लेखा परिक्षण प्रतिवेदन पारित सम्बन्धमा ।
३. आ.व. ०८१/८२ को लागि बार्षिक योजना तथा प्रस्तावित कार्यक्रमहरुको सम्बन्धमा ।
४. आ.व. ०८१/८२ को लागि लेखा परिक्षकको नियुक्ति तथा पारिश्रमिक तोक्ने सम्बन्धमा ।
५. लाभांश तथा संरक्षित पुँजी कोष वितरण सम्बन्धमा ।
६. सदस्यता शुल्क सम्बन्धमा ।
७. विनियम संशोधन सम्बन्धमा ।
८. माइन्युट प्रमाणित गर्न प्रतिनिधि छनोट गर्ने सम्बन्धमा ।
९. विविध सम्बन्धमा ।

अध्यक्ष
महेन्द्र कुमार गिरी

## नेपाली बजारमा व्यावसायिक चुनौतीहरू र थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघः समस्याहरू र समाधानहरू

नेपाली बजारमा व्यवसाय दर्ता देखि उत्पादन, प्याकेजिङ, र बजार व्यवस्थापन सम्मका प्रक्रियामा धेरै समस्या देखा पर्छन् । व्यवसाय सञ्चालनमा सरकारी निकायहरूको उचित नियमनको अभावका कारण साना र नयाँ व्यवसायहरूले ठूलो चुनौतीको सामना गर्नु परिरहेको छ । नेपालमा आयातित वस्तुको बढ्दो प्रभावका कारण स्थानीय रूपमा उत्पादित वस्तुहरूलाई आफ्नो बजार स्थापना गर्न निकै कठिन छ । यसले गर्दा धेरै व्यवसायहरू अहिले धराशायी बन्दै गएका छन् ।

**प्रमुख समस्याहरू :**

१. अर्थतन्त्रको खुम्चिदो प्रभाव : आर्थिक मन्दी र उपभोग स्तरमा गिरावटका कारण व्यवसायहरूमा नकारात्मक प्रभाव परेको छ ।

२. बजार नियन्त्रणको अभाव : बजारमा उचित नियमनको अभावका कारण ठूलो पूँजी भएका व्यक्तिहरूले बजार नियन्त्रणमा राख्ने स्थिति सिर्जना भएको छ ।

३. पुँजीको अभाव : नयाँ व्यवसायहरूसँग पर्याप्त पुँजी नहुँदा ठूला व्यवसायहरूले तिनीहरूलाई सजिलै प्रतिस्थापन गर्न सक्छन् ।

४. उधारो नियन्त्रणको समस्या : व्यवसाय सञ्चालनमा उधारो लेनदेनले व्यवसायलाई जोखिममा पुर्याउने गरेको छ ।

**सहकारी संस्थाहरूको भूमिका र थोक उपभोक्ता :**

यस सन्दर्भमा थोक उपभोक्ता जस्ता सहकारी संघले बजारमा ठूला र साना व्यवसायहरूको बीच सन्तुलन कायम गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन् । थोक उपभोक्ता एक सहकारी–आधारित संघ हो जसमा ४७ वटा सहकारी सदस्यहरू आबद्ध छन् । यसको नेटवर्कले विभिन्न प्रकारका सहकारीहरूलाई एकीकृत गर्दै व्यवसाय सञ्चालन गर्न सक्ने सम्भावना छ ।

**थोक उपभोक्ताको रणनीति :**

थोक उपभोक्ताको मुख्य लक्ष्य विभिन्न सहकारीहरूलाई एउटै ढोकाबाट व्यवसाय सञ्चालन गर्न जोड दिने हो । यसले व्यवसायसँग सम्बन्धित जोखिमहरू घटाउन र नयाँ व्यवसायहरूलाई बलियो बनाउन सक्नेछ । थोक उपभोक्ताले सहकारीका उत्पादनहरूलाई एउटै ब्रान्ड नाम अन्तर्गत प्रवर्द्धन गर्ने मुख्य उद्देश्य लिएको छ । यस प्रकारको एकीकृत रणनीतिले नयाँ व्यवसायहरूको यात्रा सहज बनाउन सक्नेछ र सहकारीहरूको सञ्जालबाट आर्थिक गतिविधिहरूमा स्थायित्व ल्याउनेछ ।

नेपालमा व्यवसाय सञ्चालनका चुनौतीहरू समाधान गर्न सहकारीहरूको प्रभावकारी भूमिका महत्त्वपूर्ण छ । थोक उपभोक्ता जस्ता संघ संस्थाहरूले सहकारीहरूलाई एकीकृत गर्दै व्यवसायिक वातावरणमा सुधार ल्याउन योगदान दिन सक्ने सम्भावना छ । यसले स्थानीय उत्पादनको प्रवर्द्धन मात्र होइन, व्यवसायिक प्रतिरोधात्मक क्षमता पनि वृद्धि गर्नेछ ।

## संघको संक्षिप्त जानकारी

नाम : प्रदेश नं. १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेड
स्थापना मिति : २०७८ आषाढ ०९ गते
दर्ता नं. : ०४/०७७/०७८
दर्ता कार्यलय : प्रदेश सहकारी रजिष्ट्रार कार्यलय, इटहरी, सुनसरी
संघमा आबद्ध प्रारम्भिक संस्था : ४७ वटा
संघको कार्यक्षेत्र : कोशि प्रदेश
संघको हालको चुक्ता सेयर पुँजी : १,४८,००,००० /–

## आवद्ध सहकारी संघ/संस्थाहरुको नामावली

| क्र.स. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | साहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. | विर्तामोड, झापा |
| २ | पूर्व नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. | कमल, झापा |
| ३ | मेची बहुउद्देश्यीय सहकारी संस्था लि. | दमक, झापा |
| ४ | इन्द्रेणी बहुउद्देश्यीय सहकारी संस्था लि. | कमल, झापा |
| ५ | नवोदय बहुउद्देश्यीय सहकारी संस्था लि. | कमल, झापा |
| ६ | नवदुर्गा बहुउद्देश्यीय सहकारी संस्था लि. | दमक, झापा |
| ७ | स्वर्णलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | दमक, झापा |
| ८ | युनिक बचत तथा ऋण सहकारी संस्था लि. | दमक, झापा |
| ९ | पब्लिक बचत ऋण सहकारी संस्था लि. | विर्तामोड, झापा |
| १० | शुभलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लि. | गौरादह, झापा |
| ११ | दिगोपन सामाजिक उद्यमी महिला सहकारी संस्था लि. | कानेपोखरी, मोरङ्ग |
| १२ | दुर्गेश्वरी कृषि सहकारी संस्था लि. | मेचीनगर, झापा |
| १३ | श्री एकता बहुउद्देश्यीय सहकारी संस्था लि. | हल्दिबारी, झापा |
| १४ | बिराटअर्जुन उपभोत्ता सहकारी संस्था लि. | विर्तामोड, झापा |
| १५ | श्री होक्से कृषि सहकारी संस्था लि. | बुध्दशान्ति होक्से |
| १६ | सौगात बचत तथा ऋण सहकारी संस्था लि. | बिराटनगर, मोरङ |
| १७ | ग्रामलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | बिराटनगर, मोरङ |
| १८ | गोपाल बहुउद्देश्यीय सहकारी संस्था लि. | बिराटनगर, मोरङ |

**आवद्ध सहकारी संघ/संस्थाहरुको नामावली**

| क्र.स. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १९ | स्टार बहुउद्देश्यीय सहकारी संस्था लि. | बिराटनगर, मोरङ |
| २० | बरगाछी बहुउद्देश्यीय सहकारी संस्था लि. | बिराटनगर, मोरङ |
| २१ | कृपालक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | बिराटनगर, मोरङ |
| २२ | नवदुर्गा बचत तथा ऋण सहकारी संस्था लि. | इनरुवा, सुनसरी |
| २३ | सदभाव बचत तथा ऋण सहकारी संस्था लि. | रंगेली, मोरङ |
| २४ | सगुन कृषि सहकारी संस्था लि. | तरहरा, सुनसरी |
| २५ | झोराहाट सहकारी संस्था लि. | झोराहाट, मोरङ |
| २६ | दुर्गा बचत तथा ऋण सहकारी संस्था लि. | इटहरी, सुनसरी |
| २७ | नवयुग बहुउद्देश्यीय सहकारी संस्था लि. | इनरुवा, सुनसरी |
| २८ | शान्ति जनकल्याण सहकारी संस्था लि. | तरहरा, सुनसरी |
| २९ | राष्ट्र सेवक बहुमुखी सहकारी संस्था लि. | सुनसरी |
| ३० | जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि. | इटहरी, सुनसरी |
| ३१ | जनहित बहुउद्देश्यीय सहकारी संस्था लि. | रामधुनी |
| ३२ | नेपा बहुउद्देश्यीय सहकारी संस्था लि. | इटहरी, सुनसरी |
| ३३ | डांफे बचत तथा ऋण सहकारी संस्था लि. | दमक, झापा |
| ३४ | लड बुद्ध बहुउद्देश्यीय सहकारी संस्था लि. | तरहरा, सुनसरी |
| ३५ | सुनगाभा बचत तथा ऋण सहकारी संस्था लि. | इलाम |
| ३६ | दमक बहुमुखी सहकारी संस्था लि. | दमक, झापा |
| ३७ | शुभ चिया किसान सहकारी संस्था लि. | मेचिनगर, झापा |
| ३८ | धौलागिरी पारिजात बहुउद्देश्यीय सहकारी संस्था लि. | बिर्तामोड, झापा |
| ३९ | एकिकृत जनभावना बचत तथा ऋण सहकारी संस्था लि. | लेटाङ, मोरङ |
| ४० | आठमौजा बचत तथा ऋण सहकारी संस्था लि. | गौरीगञ्ज, झापा |
| ४१ | माहारानी झोडा सानो किसान कृषि सहकारी संस्था लि. | गौरादह, झापा |
| ४२ | श्री समयगढ कृषि सहकारी संस्था लि. | कमल, झापा |
| ४३ | महिला बचत तथा ऋण सहकारी संस्था लि. | इटहरी, मोरङ |

## आवद्ध सहकारी संघ/संस्थाहरुको नामावली

| क्र.स. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| ४४ | चतरा सामुदायीक बहुउद्देश्यीय सहकारी संस्था लि. | चतहरा, सुनसरी |
| ४५ | सतासी बहुउद्देश्यीय सहकारी संस्था लि. | बिर्तामोड, झापा |
| ४६ | आवद्ध बचत तथा ऋण सहकारी संस्था लि. | बिर्तामोड, झापा |
| ४७ | लालीगुराँस महिला कृषि सहकारी संस्था लि. | अर्जुनधारा, झापा |

## डिलर सुचि

| क्र.स. | डिलर | ठेगाना |
|---|---|---|
| १ | सक्षम डिस्टिव्युटर्स | बिर्तामोड, झापा |
| २ | पशुपति सप्लायर्स प्रा. लि. | बिर्तामोड, झापा |
| ३ | शंकर किराना पसल | दानाबारी, इलाम |
| ४ | पाथिभारा अम्बिका ट्रेड एण्ड सप्लायर्स | इटहरी, सुनसरी |
| ५ | बनशक्ति ट्रेड एण्ड सप्लायर्स | धरान, सुनसरी |
| ६ | चन्द्र सूर्य इन्टरप्राइजेज | सुरुङ्गा, झापा |
| ७ | माँ दुर्गा जेनेरल स्टोर्स | त्रि.न.पा., उदयपुर |
| ८ | काजी ब्रदर्श ट्रेड लिंक | बनेपा |
| ९ | पि. डि. सप्लायर्स | धरान, सुनसरी |
| १० | सञ्जिवनी सप्लायर्स | फिदिम |
| ११ | बर्दिबास जेनरल स्टोर्स | बर्दिबास |
| १२ | माता पाथिभारा ट्रेडर्स | बाहुनडाँगी |
| १३ | पुण्य स्टोर्स | दुधे |
| १४ | सृष्टि सप्लायर्स | काठमाण्डौं |

# वार्षिक प्रगति प्रतिवेदन



**महेन्द्र कुमार गिरी**
**अध्यक्ष**

प्रदेश नं. १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेडको यस तेस्रो बार्षिक साधारण सभामा पाल्नु हुने प्रमुख अतिथि ज्यू, विशिष्ठ अतिथि ज्यू, अतिथिज्यूहरु, प्रारम्भिक सहकारी संस्थाका अध्यक्ष, ब्यवस्थापक तथा प्रतिनिधिज्यूहरु, पत्रकार मित्रहरु सम्पुर्णमा हार्दिक स्वागत अभिवादन व्यक्त गर्दछु ।

आ–आफ्नो ढंगले व्यवसायिक कारोवार गरिरहेका प्रारम्भिक सहकारीहरुलाई एकबद्ध बनाएर उपभोग्य बस्तुहरु, स्टेशनरी तथा छपाई, हस्तकलाका सामाग्रीहरु, कृषि मेशिनरी साथै प्रारम्भिक सहकारी तथा शेयर सदस्यहरुको उत्पादनलाई प्रशोधन तथा बजारीकरण गरी एकद्धार प्रणालीको निर्माण गर्ने, जसले प्रारम्भिक सहकारीहरुको व्यवसायिक कारोवारलाई विस्तार, प्रवद्र्धन मार्फत सहकारी संस्थाहरुलाई सवल, सक्षम, व्यवसायिक संस्थाका रुपमा पहिचान बनाउने मुल उद्देश्य राखी स्थापना गरिएको यस संघको चौथो साधारण सभामा यहाँहरु लाई स्वागत गर्न पाउँदा गौरव महशुस गरेको छु ।

सहकारी अभियानमा सदस्यहरुलाई व्यवसायिक बनाउने प्रयासहरु भएको पाइन्छ तर ती प्रयासहरुले व्यवसायिहरुको बजारसम्म पहुँच नभएको र अहिले पनि बिचौलियाहरुको हातमा बजार चलेको पाइन्छ । यसरी सहकारी स्वयंमले वा सहकारी शेयर सदस्यहरुले उत्पादन गरेको बस्तुहरुलाई बजार सम्म पुर्याउन सहकारीकै माध्यम निर्माण गर्नु अपरिहार्य रहेको छ । यिनै बस्तुगत समस्या र आवश्यकताहरुलाई मध्यनजर गर्दै राष्ट्रिय सहकारी महासंघको पहलमा प्रदेश नं. १ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघको स्थापना भएको हो ।

यो संघ बस्तु तथा सेवाहरुको थोक मात्रामा कारोवार गर्न स्थापना भएको प्रदेश स्तरीय संघ हो । “सहकारीको उत्पादन, सहकारीद्धारा बजारीकरण” भन्ने मुल नारालाई आत्मसाथ गरी सहकारीको उत्पादनहरुलाई एउटै Coop ब्राण्ड अन्तर्गत उत्पादनहरु लाई प्रोत्साहन गर्दै बजारीकरणको समस्या लाई समाधान गर्न यस संघको स्थापना गरिएको हो ।

आदरणिय शेयर सदस्य संस्थाका प्रतिनिधि ज्यूहरु, अब संघले आ.व. २०८०/०८१ मा भए गरेका गतिविधिहरु लाई यहाँहरु समक्ष संक्षिप्त रुपमा पेश गर्ने अनुमती चाहन्छु ।

**१. वित्तीय प्रगति विवरण :**

यस संघको आ.व. २०८०/०८१ आषाढ मसान्त सम्मको आर्थिक तथा वित्तीय विवरण निम्न अनुसार रहेको छ ।

| शीर्षक | रकम |
|---|---|
| कूल पुँजी तथा दायित्व | रु. १,९६,६५,७३८.१२ |

| शीर्षक | रकम |
|---|---|
| शेयर पुँजी | रु. १,४८,००,०००.०० |
| बिक्री आम्दानी | रु. ८७,९७,८१६.९५ |
| ब्याज आम्दानी | रु. ५,२६,१८३.३८ |
| कुल आम्दानी | रु. ३७,३५,८१४.८७ |
| खर्च | रु. २८,१७,९५३.२९ |
| खुद नाफा | रु. ९,१७,८६१ |

**२. कार्यसमिति बैठक :**

संघको आ. व. २०८०/०८१मा ५ पटक संचालक समिति बैठक बसेको छ ।

**३. खाद्य दर्ता :**

संघले गत आ. व. मा स्थापना गरेको तोरी प्रसोधन मिलबाट उत्पादित तोरीको तेललाई खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग (DFTQC) मा गुणस्तर प्रमाणीकरणका लागि दर्ता गरिएको छ । यसले हाम्रो उत्पादनको बजार विश्वसनीयता बलियो बनाउनेछ ।

**४. विशेष उत्पादन र बजार उपस्थिति :**

थोक उपभोक्ता हाल चिया, मह, र शुद्ध तोरी तेल गरि तीनवटा विशेष उत्पादनहरूमा केन्द्रित छ । हाम्रो डिलर सञ्जाल बिर्तामोड, बाहुनडाँगी, फिदिम, दानाबारी, सुरुङ्गा, दुधे, दमक, इटहरी, धरान, गाईघाट, र बर्दिबासजस्ता क्षेत्रहरूमा फैलिएको छ । विशेष गरी चियाको गुणस्तरले यी क्षेत्रहरूमा थोक उपभोक्ताको लोकप्रियता बढाएको छ ।

**५. उत्पादन प्रचार अभियान र बजार रणनीतिहरू :**

- कुपन प्रणाली : ग्राहकहरूलाई आकर्षित गर्न र ब्रान्डप्रतिको निष्ठा बढाउन, हरेक चियाको झोलामा कुपन राखिएको छ, जसले प्रत्येक खरिदलाई थप सहयोग प्रदान गर्दछ ।
- चिया चाख्ने अभियान : हामीले विभिन्न सहकारीहरु तथा सामाजिक संस्थाहरूसँग साझेदारी गर्दै चिया चाख्ने कार्यक्रम आयोजना गरेका थियौँ, जसले ग्राहकहरूलाई हाम्रा उत्पादनहरूको गुणस्तर प्रत्यक्ष अनुभव गर्न मद्दत गर्यो र ब्रान्डसँगको सम्बन्ध अझ सुदृढ बनाउन मद्दत गर्यो ।
- महको स्किम कार्यक्रमहरू : शुद्ध महमा प्रचारात्मक स्किम कार्यक्रमहरू कार्यान्वयन गरिएको थियो, जसले ग्राहकहरूको ध्यान खिच्न र बिक्री बढाउन विशेष ध्यान दिएको थियो ।
- केरा चिप्स बजार अनुसन्धान : कच्चा पदार्थको अभावका कारण हाल स्थानीय रूपमा केरा चिप्स उत्पादन नगरिए पनि, हाम्रो निरन्तर अनुसन्धानले यी चुनौतीहरू समाधान गर्ने सम्भावित उपायहरू पत्ता लगाएको छ । स्वाद र गुणस्तरका प्रारम्भिक बजार प्रतिक्रियाहरू सकारात्मक छन्, जसले यो उत्पादनको लागि आशाजनक माग देखाएको छ ।

**६. साझेदार सहकारी संलग्नता र वृद्धि :**

संघले गएको बर्ष ४४ सहकारीहरुलाई सदस्यता प्रदान गरिएको थियो र आ.व. २०८०।०८१ मा जम्मा ४७ सहकारीहरु यस संघमा सदस्यता लिएका छन् । यस सघंले धेरै सहकारीहरूको वार्षिक साधारण सभामा विशेष स्टलमार्फत हाम्रा उत्पादनहरू प्रदर्शनमा राखि उपभोक्ताहरुमा जागरूकता बढाएके थियो । हाम्रो सहकारी नेटवर्क विस्तार भइरहेसँगै, बजारहरुसम्म पुग्ने हाम्रो क्षमता पनि बढ्दै गएको छ ।

**संघमा यस आ.व.मा नयाँ सदस्यता लिएका सहकारी संस्थाहरुको विवरण :**

- सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
- आवद्ध बचत तथा ऋण सहकारी संस्था लिमिटेड
- लालीगुराँस महिला कृषि सहकारी संस्था लिमिटेड

**७. निशुल्क चिया वितरण कार्यक्रम :**

यस संघले नेपालमा उत्पादित चिया, बाहिर बाट आयातित चिया भन्दा कम छैन भन्ने हेतुले आयातित चियालाई प्रतिस्थापन गर्न कोशी प्रदेशको बिभिन्न स्थानहरुमा रहेको सहकारी पसलहरु अगाडी निशुल्क रुपमा चिया वितरण गरिएको छ ।

**फाइदाहरु :**

- बजारीकरणमा सहयोग भएको
- नेपाली चियाको बजार पहिचानमा सहयोग भएको
- सहकारी पसलहरुको ब्यवसायमा सहयोग भएको

**८. चियाको थोक बिक्री रणनीति :**

यस संघको सञ्चालनलाई सुव्यवस्थित गर्न र नगद प्रवाह बढाउन, हामी चियालाई बल्कमा चिया प्याकेजिङ कम्पनीहरूलाई मात्र नगद भुक्तानीका आधारमा प्रदान गर्ने योजना बनाउँदैछौं ।

**९. डिजिटल प्लेटफर्म एकीकरण :**

यस संघले व्यवसायिक कार्यक्षमताका लागि डिजिटल रूपान्तरणको महत्त्वलाई स्वीकार गर्दै गोदाममा रहेको स्टकको दैनिक अपडेट, मिलको दैनिक अपडेट, र बजारका कर्मचारहरुको दैनिक अपडेट सम्पुर्ण समेटिने गरि एउटै सर्भर मार्फत गरिनेछ । थोक उपभोक्ता आफ्नो कारोबारदेखि ग्राहक संलग्नतासम्मका सबै पक्षलाई डिजिटल बनाउनेतर्फ सक्रिय रूपमा काम गरिरहेको छ । जसले प्रविधिको उपयोग गर्दै वृद्धि र पारदर्शिता सुनिश्चित गर्ने मद्दत गर्दछ ।

# वार्षिक कार्ययोजना २०८१/०८२

## आ.व. ०८१/८२ मा संचालन गर्ने प्रस्तावित कार्यक्रमहरु :

**१. शेयर सदस्यता :**

यस संघमा हाल ४७ संस्था सदस्य रहेको र यस आ.व.मा ७० बढी बनाउने लक्ष्य राखिएको छ ।

**२. शेयर पुँजी :**

यस संघको हाल शेयर पुँजी रु. १,४८,००,०००/– रहेको र यस आ.व.मा रु. २,००,००,०००/– पुर्याइनेछ ।

**३. सदस्यता विस्तार :**

थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघको कारोवारलाई विस्तार गर्न कोशी प्रदेशका १३ वटै जिल्ला संघहरु सँग अन्तरक्रियात्मक कार्यक्रम संचालन गरिने र प्रत्येक जिल्लामा कम्तिमा २ वटा सहकारीहरुलाई सदस्य बनाईनेछ ।

**४. आम्दानी लक्ष्य :**

पछिल्लो वर्ष, थोक उपभोक्ताले चिया, मह, र तोरीको तेल बेचेर करिब ८८ लाख रुपैयाँको बिक्री आम्दानी हासिल गरेको थियो । यो वर्ष, हाम्रो लक्ष्य पुराना उत्पादनहरूलाई निरन्तरता दिँदै नयाँ उत्पादनहरू थपेर कुल १.५ करोड रुपैयाँ (१ करोड ५० लाख) बिक्री आम्दानीमा पुग्ने हो ।

बिक्री आम्दानी वृद्धिको प्रतिशत

गत वर्षको तुलनामा यो वर्षको लक्ष्यः ७०.४५% वृद्धि

वृद्धि प्रतिशत = नयाँ लक्ष्य − अघिल्लो वर्षको आम्दानी÷अघिल्लो वर्षको राजस्व × १००

वृद्धि प्रतिशत = १.५करोड − ८८लाख÷८८लाख × १०० = ७०.४५ %

यो लक्ष्य हासिल गर्न हामी उत्पादनको गुणस्तर सुधार, उत्पादन थप, प्रभावकारी मार्केटिङ, र ग्राहक सन्तुष्टिमा विशेष ध्यान दिनेछौं ।

**५. बजार विश्लेषण र रणनीति :**

थोक उपभोक्ता हाल विभिन्न भौगोलिक क्षेत्रका बिक्रेतामार्फत अल्पाइन चिया, मह, र तोरीको तेल प्याकेजिङ तथा व्यापार गर्दै आएको छ । हाम्रा उत्पादनहरूको बिक्री वृद्धि र ब्रान्डिङ सुनिश्चित गर्न निम्न रणनीतिहरू लागू गरिएको छ :

- कुपन प्रणाली : प्रत्येक ६ किलोग्राम स्वागतम् चियाको झोलामा कूपन प्रदान गरी ग्राहक आकर्षण वृद्धि गरिनेछ ।
- स्किम : प्रत्येक ३०० झोलाको खरिदमा ७ के.जी. वाशिङ मेसिन, २०० झोलाको खरिदमा ल्यापटक, १५० झोलाको खरिदमा रेफ्रिजेरेटर, १०० झोलाको खरिदमा स्मार्ट फोन, ७५ झोलाको खरिदमा हिटर, ५० झोलाको खरिदमा इन्डक्सन, २५ झोलाको खरिदमा स्मार्ट वाच ग्राहकहरुलाई दिइनेछ ।
- चिया स्टलहरू : विभिन्न स्थानमा आवश्यकताअनुसार चिया स्टलहरू सञ्चालन गरी प्रत्यक्ष बिक्री र प्रचार गरिनेछ ।
- सहकारीहरूको साथ : सहकारी संस्थाहरूका सदस्यमार्फत उत्पादन प्रवर्द्धन र बिक्रीलाई प्राथमिकता दिइनेछ ।

- मह स्थानिय रूपमा उत्पादन हुने भएकाले यसको गुणस्तर उच्च छ तर ब्रान्डिङलाई प्रभावकारी बनाउन आकर्षक प्याकेजिङ विकासमा ध्यान दिइनेछ ।
- सहकारीहरू मार्फत महको प्रचार र बिक्रीलाई सशक्त बनाइनेछ ।
- तोरीको तेल १००% शुद्ध र स्वास्थ्यवर्द्धक भएकाले यसलाई उत्पादन स्थल (फ्याक्ट्री) र सहकारीमार्फत बिक्री गरिनेछ ।
- तेलको शुद्धता र गुणस्तरलाई बजारमा प्रभावकारी रूपमा प्रवर्द्धन गरिनेछ ।
- ब्रान्डिङ र मार्केटिङ : उत्पादनहरूको ब्रान्डिङ र विश्वास जगाउन डिजिटल मिडिया, सहकारीहरूको नेटवर्क, र प्रत्यक्ष स्टलको प्रयोग गरिनेछ ।
- उत्पादनको बिक्री वृद्धि : ग्राहक वर्ग पहिचान गरी विभिन्न वर्गका ग्राहकलाई लक्षित गरी मूल्य र प्रचार रणनीति लागू गरिनेछ ।
- गुणस्तर कायम राख्ने प्रतिबद्धता : सबै उत्पादनहरूको गुणस्तर उच्च बनाइ ग्राहकको विश्वास जित्ने प्रयास गरिनेछ ।
- शेयर सदस्य संस्थाको काउण्टर मार्फत बिक्रि वितरण गर्न अनुरोध गरिनेछ । सहकारी मार्फत कम्तिमा रु. ३०,००,०००/– को बिक्री गरिनेछ । साथै हरेक सहकारीको कार्यक्रममा संघको उत्पादन प्रयोगमा ल्याउने वातावरण सृजना गरिनेछ ।
- प्रस्तावित बिक्री प्राप्तिका लागी प्रवर्द्धन कार्यहरु अगाडी बढाईनेछ, उत्पादनमा बृद्धि गरिनेछ, डिलरको संख्यामा बृद्धि गरिनेछ, आवश्यकता अनुसार कर्मचारी नियुक्ती गरिनेछ, र दैनिक बजार अनुगमन गरिनेछ ।

यस रणनीतिले बजारमा थोक उपभोक्ताको उपस्थिति बलियो बनाउनुका साथै बिक्रीमा उल्लेखनीय वृद्धि गर्न मद्दत गर्नेछ ।

**६. स्टक व्यवस्थापन र आपूर्ति श्रृंखला व्यवस्थापन योजना :**

थोक उपभोक्ता गत दुई वर्षदेखि “अल्पाइन चिया” प्याकेजिङ र एक वर्षदेखि “तोरी तेल” उत्पादन साथै महको ब्यवसाय गर्दै आएको छ जसकारण स्टक ब्यवस्थापन प्रभावकारी बनाउन अनलाईन स्टक ब्यवस्थापन सिस्टम बनाईनेछ ।

**७. उत्पादन थप योजना :**

बजारमा कोदो, फापर, मकैको पिठोको अत्याधिक माग हुने भएकाले थोक उपभोक्ता मार्फत यि सामाग्रीहरु आफ्नो ब्राण्डमा उत्पादन सुरु गरिनेछ ।

**८. ढुवानीको साधन :**

“सहकारीको उत्पादन, सहकारीद्धारा बजारीकरण” भन्ने नारालाई साकार पार्न प्रारम्भिक संस्थाहरुका उत्पादनहरु लाई थप ब्राण्डिङ, प्याकेजिङ गर्दै व्यवसायिक कारोबार अगाडी बढाइने र ढुवानी साधनको लागी प्रदेश तथा संघिय सरकार सँग सवारी साधन माग गरिनेछ ।

**९. कर्मचारी तालिम :**

बजार ब्यवस्थापन तथा प्रभावकारी ब्यवस्थापनका लागि कर्मचारीहरुको तालिम ब्यवस्थापन गरिनेछ ।

**१०. सहकारीहरु सँगको सहकार्य :**

सहकारीको उत्पादन सहकारीद्धारा बजारीकरण भन्ने सिद्धान्त अनुरुप सम्पुर्ण प्रकृया पुरा गरेका सहकारीको उत्पादनलाई बजारीकरण थोक मार्फत गरिनेछ ।

**११. डिजिटल र प्रविधिमैत्री अनुगमन र मूल्यांकन प्रणाली :**

थोक उपभोक्ताले आफ्नो व्यवसायिक लक्ष्य हासिल गर्नका लागि कर्मचारी गतिविधिको नियमित अनुगमन र मूल्यांकनको अनलाइन प्रणाली विकास गरिनेछ । यस योजनाले उत्पादनदेखि बजार व्यवस्थापनसम्मका सबै चरणहरूको प्रभावकारिता सुधार गर्न सहयोग पुर्याउदछ । यस प्रणालीले नियमित समीक्षा, कर्मचारी मूल्यांकन, ग्राहक प्रतिक्रिया, र कार्यसम्पादनका समस्याहरू समाधानमा ध्यान दिइनेछ ।

**१२. अनलाइन रिर्पोट प्रणाली :**

रिर्पोट प्रणलीलाई थप संरचनात्मक र डेटा–आधारित बनाइनेछ र उत्पादनको अवस्था, बिक्रीको अवस्था, ग्राहक प्रतिक्रियाको विश्लेषण जुनसुकै समयमा पनि हेर्न सकिने बनाइनेछ ।

**१३. आउटलेट निर्माण :**

संघको नगत प्रवाह बढाउनको लागि यस आ.व.मा कम्तिमा ३ वटा ठुला सहरमा संघको आफ्नै आउटलेट निर्माण गरिनेछ ।

# प्रस्तावित बजेट २०८१/०८२
# प्रदेश नं. ०१ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लि.

| **विवरण** | **आ.व. २०८०/०८१** | **आ.व. २०८१/०८२** |
|---|---|---|
| १. व्यापारिक कारोबारबाट आम्दानी | ८,७९७,८१६.९५ | १५,०००,०००.०० |
| २. न्यून– व्यापारिक कारोबारको लागत खर्च | ६,१००,०९७.५३ | १०,८००,०००.०० |
| व्यापारीक कारोबारबाट खुद आम्दानी | **२,६९७,७१९.४२** | **४,२००,०००.००** |
| ३. अन्य सञ्चालन आम्दानी | ५११,९११.४९ | ७००,०००.०० |
| ४. बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ब्याज | ५२६,१८३.३८ | २००,०००.०० |
| अन्य सञ्चालन  आम्दानी | **१,०३८,०९४.८७** | **९००,०००.००** |
| कुल सञ्चालन आम्दानी | **३,७३५,८१४.२९** | **५,१००,०००.००** |
| ५. कर्मचारी खर्च | १,३८३,०००.०० | १,८००,०००.०० |
| ६. प्रशासनिक खर्च | १,१९२,०८८.२९ | १,५००,०००.०० |
| प्रशासनिक सम्पत्तिमा ह्रासकट्टी खर्च | १,९०,७९९.३६ | १४५,३४३.०० |
| सम्भावित नोक्सानी व्यवस्था अघिको मुनाफा | ९६९,९२६.६३ | १,६५४,६५७.०० |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरु थप | | |
| सञ्चालन मुनाफा/(नोक्सान) | **९६९,९२६.६३** | **१,६५४,६५७.००** |
| ९. गैर संचालन आम्दानी/खर्च | | |
| १०. सम्भावित नोक्सानी ब्यवस्था फिर्ता | | |
| कुल कारोबारबाट भएको मुनाफा | **९६९,९२६.६३** | **१,६५४,६५७.००** |
| ११. कर्मचारी बोनस व्यवस्था | | |
| आयकर व्यवस्था पूर्वको सञ्चालन बचत | **९६९,९२६.६३** | **१,६५४,६५७.००** |
| १२. यस वर्षको कर व्यवस्था | ५२,०६५.६४ | ८२,७३२.८५ |
| १३. विगत वर्षसम्मको कर व्यवस्था | | |
| न्यून : आयकर व्यवस्था | ५२,०६५.६४ | ८२,७३२.८५ |
| **खुद नाफा (नोक्सान)** | **९१७,८६१.००** | **१,५७१,९२५.१५** |

आदरणीय शेयर सदस्य संस्थाका प्रतिनिधिज्यूहरु, यहाँहरुको गरिमामय उपस्थितिका बिचमा यस संघले हालसम्म भएगरेका गतिविधि र आगामी आ.व.मा प्रस्ताबित कार्यक्रमहरु बारे प्रतिवेदन पेश गरेको छु । आवश्यक सुझाव सहित यो प्रतिवेदन पारित गरिदिनुहुनेछ ।

अन्त्यमा आजको यस साधारण सभामा पाल्नुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरु, प्रारम्भिक सहकारी संस्थाका अध्यक्ष, व्यवस्थापक तथा प्रतिनिधि ज्यूहरु, कर्मचारी साथीहरु, लगायत उपस्थित सम्पुर्ण महानुभावहरु लाई यो साधारण सभा सब्य, भब्य रुपमा सफल पार्न सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद ज्ञापन गर्दै संचालक समितिको प्रतिवेन यहि अन्त्य गर्दछु ।

धन्यवाद !

जय सहकारी

# आर्थिक वर्ष २०८०/०८१ लेखापरीक्षण प्रतिवेदन
# Audit Report 2080/081

प्रदेश नं. १

# थोक उपभोक्ता विशिष्टिकृत

## सहकारी संघ लिमिटेड

**दमक-९, झापा**
**फोन : ०२३-५८५६४०**

**SUJAN BHATTARAI & ASSOCIATES**
CHARTERED ACCOUNTANTS
1st Floor, K.p. Tower, Krishnamandir Chowk,
Damak-04, Jhapa, Nepal
M : ca.sujanbhattarai@gmail.com

Firm Reg. No: 1054
COP No: 1184
PAN: 122103708
M. No: 9824335747

**श्री प्रदेश न.१ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेड**
**का शदस्य महानुभावहरु समक्ष प्रस्तुत**
**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले **श्री प्रदेश न.१ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लिमिटेडको** यसैसाथ संलग्न **३१ आषाढ, २०८१ (१५ जुलाई २०२४)** को वासालात, सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाडफाड हिसाब, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखासम्बन्धि टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हामीले पाएको जानकारी तथा हामीलाई दिइएको स्पष्टिकरणहरु बमोजिम माथि उल्लेखित **पहिलेको वित्तीय लेखामान** (Previous GAAP) अनूसार तयार गरिएको वित्तीय विवरणहरुले सारभुत रुपमा संस्थाको मिति २०८१ आषाढ ३१ को वित्तीय अवस्था तथा सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण तथा समग्रमा वित्तीय विवरणहरुले **कैफियतमा उल्लेख गरिएको बिषयवस्तूको प्रभाव बाहेक** सही तथा यथार्थ चित्रण गर्दछन् ।

**कैफियत सहितको रायका आधारहरु**

वित्तिय विवरणको अनुसूची १० अन्तरगत देखाइएको अन्तिम मौज्दात "बिभिन्न बस्तु तथा चिया स्टक मौज्दात" (मालशेष) रु **५,८४७,३६३.६३** व्यवस्थापन द्वारा प्रमाणित गरिएको आधारमा लेखांकन गरेको पाईयो । उक्त अन्तिम मौज्दातको भौतिक परिक्षणमा हामि तथा हाम्रो फर्म संलग्न नभएको जानकारी गराउदछौं । हामीले हाम्रो लेखापरीक्षणको बखत बितिय विवरणमा उल्लेख भएको उक्त रकम यकिन गर्न सकेनौ । पर्याप्त एवंम् उपयुक्त प्रमाणको अभावमा हामि वितिय विवरणमा देखाइएको अन्तिम मौज्दातमा राय दिन असमर्थ छौ । वितिय विवरणमा यस कैफियतको प्रभाव हाल निश्चित छैन ।

हामिले हाम्रो लेखापरिक्षण नेपाल लेखापरिक्षणमान तथा सहकारी विभाग द्वारा जारी गरिएको लेखापरिक्षण निर्देशिका बमोजिम सम्पन्न गरेका छौं । ती मानबमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको वित्तीय विवरणको लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व शीर्षक अन्तर्गत थप व्याख्या गरिएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको The Handbook of the Code of Ethics for Professional Accountant बमोजिम हामी संस्था संग स्वतन्त्र छौं तथा उक्त आचार संहिता बमोजिम हामिले हाम्रो आचारणगत जिम्मेवारी पुरा गरेको छौं । हाम्रो लेखापरिक्षणबाट प्राप्त लेखापरिक्षण प्रमाणहरु हाम्रो **कैफियत सहितको राय**लाई पर्याप्त एवम उपयुत्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

सहकारि ऐन २०७४ को दाफ ७६ बमोजिम नियूक्ती पाएका छौं एवं दफा ७७ बमोजिम लेखापरिक्षण नियूक्त हून अयोग्य नभएको घोषणा गरेका छौं र हामीले सो बमोजिमको अन्य नैतिक दायित्वको पालना गरेका छौं ।

**मूख्य लेखापरीक्षण मामिलाहरु *(Key Audit Matters)***

यस अवधिको संस्थाको वित्तिय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो व्यवसायिक निर्णयका आधारमा लेखापरिक्षणमा सबैभन्दा महत्वपूर्ण विषयहरुनै लेखापरिक्षण सम्बन्धी मुख्य मामिलाहरु हुन । यि मामिलाहरु वित्तिय विवरणको लेखापरिक्षणका क्रममा हाम्रो राय दिने सन्दर्भमा सम्बोधन गरिएको थियो र हामि यि विषयमा छुट्टै राय प्रदान गर्दैनौ । हामिले तल वर्णन गरिएको बिषयहरुलाई

| क्र.सं | मुख्य लेखापरीक्षण मामलाहरु | लेखापरीक्षणको सम्बोधन |
|---|---|---|
| ४.१ | **वित्तीय प्रतिवेदनलाई प्रभाव पार्ने सुचना प्रविधि प्रणाली र नियन्त्रणहरू** | |
| | संस्थाको आई.टी वातावरण जटिल छ र ठुलो संख्यामा स्वतन्त्र र अन्तरनिर्भर आई.टी प्रणालीहरू प्रयोग गर्दछ । संस्थाको सञ्चालन र वित्तीय प्रक्रियाहरू आई.टी प्रणालीमा निर्भर छन् किनभने दैनिक आधारमा अभिलेख गरिएका लेनदेनहरूको वित्तीय रुपमा ठुलो मात्रा हो । आई.टी प्रणालीमा संस्थाको मुख्य वित्तीय लेखा र रिपोर्टिङ प्रक्रियाको निर्भर रहेको कारण र कुनै पनि नियन्त्रण त्रुटि, प्रमाणीकरण विफलता, गलत इनपुट डाटा र डाटाको गलत प्रयोग हुने सम्भावनाले हामीले पहिचान गरेका व्यवस्थापन र नियामकहरूलाई डाटाको गलत रिपोर्टिङ हुन सक्ने उच्च सम्भावना हुन्छ । यस्तो आई.टी. प्रणाली र सम्बन्धित नियन्त्रण वातावरणको परीक्षण मुख्य लेखापरीक्षण विषयको रूपमा लिएका छौं।<br>वित्तीय रिपोर्टिङ प्रक्रियाको शुद्धता र विश्वसनीयता आई.टी. प्रणालीहरू र सम्बन्धित नियन्त्रण वातावरणमा निर्भर गर्दछ । | हाम्रो लेखापरीक्षण दृष्टिकोणले मुख्य लेखापरीक्षण मुद्दालाई सम्बोधन गर्न अनुसरण गरेको विषय बस्तुहरु:<br>• संस्था द्वारा संचालित आई.टी. मा निर्भरता ।<br>• संस्थाले सफ्टवेयर आपूर्तीकर्ताले समय समयमा मर्मत तथा संभार गर्ने गरेको विवरण ।<br>• Data Backup को लागी संस्थाले अनुसरण गरेको नीति ।<br>हाम्रो नतिजा: हामीले सुचना प्रविधि (आई.टी) प्रणालीहरू र तिनीहरूका सान्दर्भिक नियन्त्रणहरूलाई सुधार गर्नु पर्ने ठान्यौं । |

**विषय उपर जोड**

हामीले वित्तीय विवरण संग सम्बन्धित **अनुसुची-१८** मा उल्लेख भएको **"प्रमुख लेखा नीति तथा टिप्पणीहरुका" टिप्पणी** बुदाको १,२ र ४ नं. मा उल्लेखित व्याख्या गरिएको बुंदाहरुमा ध्यानकृष्ट गराउछौं । यस विषयले हाम्रो राय परिमार्जन भएको छैन ।

**वित्तीय विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनूरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरू तयार एवम् प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभुत किसिमले त्रुटि रहित वित्तीय विवरण तयारी, संम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्वान्वयन र संचालन गर्ने कार्य, लेखा नीतिहरुको छनोट तथा लागु गर्ने एवम् परिस्थिति अनूसार लेखा सम्बन्धित महत्वपुर्ण अनुमान गर्नुपर्दछ।

वित्तीय विवरण तयार गर्दा व्यवस्थापनलाई संस्था विघटनगर्ने, संचालन बन्द गर्ने वा सो बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक, संस्था निरन्तर सञ्चालन हुने क्षमताको मुल्यांकन गर्ने, आवश्यक बमोजिमको खुलासा गर्ने र निरन्तरताको सिद्धान्तमा आधारित लेखा नीति प्रयोग गरी वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ ।

संचालक समिति संस्थाको वित्तीय सम्प्रेषण प्रक्रियाको रेखदेखको लागि जिम्मेवार छ ।

**वित्तीय विवरण लेखापरीक्षणमा लेखापरीक्षकको उत्तरदायित्व**

वित्तीय विवरणहरु सम्पुर्ण रुपमा चाहे जालसाजी वा गल्तीबाट होस सारभूत रुपमा त्रुटीरहित छ वा छैन भन्नेबारे उचित आश्वस्तता प्राप्त गर्नू र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हाम्रो उद्देश्य हो । उचित आश्वस्तता एक

उच्च स्तरीय आश्वस्तता भएतापनि सारभुत त्रुटीहरू विद्यमान रहेको अवस्थामा समेत लेखापरिक्षण मान अनूरुपै गरिएको लेखापरीक्षणमा समेत उक्त सारभूत त्रुटीहरू सधै पहिचान हुन्छ भन्ने आश्वस्तता रहदैन । गलत प्रस्तुति, जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्दछन् र ती प्रस्तुतिहरुले वित्तीय विवरणको आधारमा प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई अलग-अलग वा समग्ररुपमा प्रभाव पार्न सक्ने उचित अपेक्षा गरिन्छ भने, उक्त गलत प्रस्तुतिलाई सारभुत, रुपमा गलत प्रस्तुति भनिन्छ ।

नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षणको क्रममा हामी व्यवसायिक सन्देह कायम राखी पेशागत निर्णयको अभ्यास गर्दछौं । क्रमश हामीले:

- वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट हुन सक्ने सारभुत गलत प्रस्तुतिहरुको जोखिम पहिचान तथा मुल्यांकन गरी ती जोखिमहरूको लागि प्रभावकारी लेखा परीक्षण प्रक्रियाहरु तर्जुमा गरी हाम्रो मन्तव्य प्रदान गर्ने आधारका लागि पर्याप्त तथा उचित लेखापरीक्षण प्रमाण संकलन गर्दछौं । मिलिभगत, ठगी, जानाजानी चुक, गलत प्रतिनिधित्व वा आन्तरिक नियन्त्रण प्रणालीको मिचाइ समावेश हुने भएकोले गल्तीहरु भन्दा जालसाजी बाट हूने सारभुत गलत प्रस्तुतिहरुको पहिचान नलाग्ने जोखिम अधिक रहन्छ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सम्बन्धि राय व्यक्त गर्ने उद्धेश्य नभई ,लेखापरीक्षण प्रक्रियाहरु तर्जुमा गर्नका लागि लेखापरीक्षणमा प्रासंगिक हूने संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरूको औचित्य लेखा अनूमानको व्यवहारिकता तथा लेखा सम्बन्धी खुलासाहरूको मुल्यांकन गर्दछौं ।
- व्यवस्थापनले प्रयोग गरेको व्यवसायको निरन्तरताको सिद्धान्तमा आधारित लेखा नीतिको औचित्यता तथा प्राप्त लेखापरीक्षण प्रमाणको आधारमा कूनै घटना वा अवस्थाहरू संग सम्बन्धित सारभुत अनिश्तताको कारणले संस्थाको व्यवसायिक निरन्तरताको क्षमतामा उल्लेख्य शंका उत्पन्न गर्न सक्ने अवस्थामा तथा यदि हामीले सारभुत अनिश्चितता रहेको निष्कर्ष निकालेमा ,लेखापरिक्षण प्रतिवेदनमा वित्तिय विवरणको सम्बन्धित खुलासा उपर ध्यानाकृष्ट गर्नुपर्दछ वा यदि ती खुलासा अपर्याप्त भएमा , हाम्रो राय परिमार्जन गर्नुपर्दछ । हाम्रो निष्कर्ष लेखापरीक्षण प्रतिवेदन मितिसम्म प्राप्त लेखापरीक्षण प्रमाणमा आधारित रहेको हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाहरूले संस्था अविछिन्न निकायका रूपमा नरहन सक्दछ ।
- वित्तीय विवरणको समग्र प्रस्तुतिकरण ढांचा र खुलासा सहितको विषयवस्तु तथा अन्तरनिहित कारोबार एवमं घटनाहरुलाई वित्तीय विवरणमा निष्पक्ष रुपमा प्रस्तूतीकरण गर्ने नगरेको मुल्यांकन गर्दछौं ।

हामीले वित्तीय विवरण उपर व्यवस्थापन तथा सुशासनको जिम्मेवारी वहन गरेकाहरुलाई अन्य बिषयका अतिरिक्त,लेखापरीक्षण कार्ययोजना, समय तालिका र महत्वपुर्ण लेखापरीक्षण खोजहरू लगायतका संस्थाको आन्तरिक नियन्त्रण प्रणालीमा रहेको महत्वपुर्ण कमी कमजोरीहरूको जानकारी गराउंदछौं ।

**अन्य कानुनी तथा नियामक निकायका आवश्यकता सम्बन्धी प्रतिवेदन**

माथि उल्लेखित व्यहोराको अतिरिक्त हामीले गरेका लेखापरीक्षण तथा हामीलाई प्राप्त सुचना एवम् उपलब्ध स्पष्टीकरणको आधारमा निम्नानूसारको थप प्रतिवेदन पेश गर्दछौ

(क) कैफियत सहितको रायका आधारहरुमा वर्णन गरिएका प्रभावहरु वाहेक, हामीले लेखापरीक्षणका लागि आवश्यक ठानेका सबै सूचना तथा स्पष्टिकरणहरु यथासीघ्र पायौ ।

(ख) वासलात, नाफा/नोक्सान हिसाब विवरण, तथा नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन विवरण, पहिलेको वित्तीय लेखामान(Previous GAAP) बमोजिम तयार भएका छन् । कैफियत सहितको रायका आधारहरु मा वर्णन गरिएका प्रभावहरु वाहेक, प्रस्तूत विवरण संस्थाले राखेको हिसाब किताबहरुसंग दुरुस्त छन् ।

SUJAN BHATTARAI & ASSOCIATES * CHARTERED ACCOUNTANTS * ICAN Firm 1061 Damak, Jhapa

(ग) कैफियत सहितको रायका आधारहरुमा वर्णन गरिएका प्रभावहरु बाहेक, हाम्रो विचारमा संस्थाले आफ्नो हिसाब किताब प्रचलित कानुन अनुसार ठीक संग राखेको छ ।

(घ) कैफियत सहितको रायका आधारहरु मा वर्णन गरिएका प्रभावहरु बाहेक,संस्थाले गरेको कारोबार त्यसको अख्तियारी भित्र रहेको र यी कारोबार सन्तोषजनक रुपम भएको देखिन्छ ।

(ङ) कैफियत सहितको रायका आधारहरु मा वर्णन गरिएका प्रभावहरु बाहेक, लेखापरिक्षणको सिलसलिमा उपलब्ध गराइएका स्पष्टिकरण र सूचनाहरुको आधारमा संस्था व्यवस्थापन वा नेपाल सरकारको सम्बन्धित निकायबाट कारवाही गरिरहेका विषयहरु बाहेक एवं ब्यावस्थापन पत्रमा उल्लेखित बिषयबस्तूहरु बहेक संस्था व्यवस्थापनबाट उपलब्ध गराइएको ( Management Representation Letter) समेतको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कूनै कर्मचारीले कानून विरुद्ध लेखासंग सम्बन्धित कूनै काम काज गरेको तथा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्थालाई जानाजान हानी नोक्सानी गराएको वा शेयरधनीको हित विपरित हूने काम गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

**च.** आयकर ऐन २०५८ बमोजिम संस्थाले आफुले भुक्तानीमा गर्ने गरेको अग्रीम करकट्टी को विवरण मासिक रुपमा अर्को महिनाको २५ गते बुझाउनु पर्ने भएतापनी संस्थाले भुक्तानीमा गर्ने गरेको अग्रीम करकट्टी को विवरणको E-TDS गरेको पाईएन ।

SUJAN BHATTARAI & ASSOCIATES
ICAN FRN: 1054
Damak, Jhapa
CHARTERED ACCOUNTANTS

**सि.ए. सुजन भट्टराई**

**प्रोप्राइटर**
**सुजन भट्टराई एण्ड एसोसिएट्स,**
**चाटर्ड एकाउन्टेन्टस्**

**स्थान :** दमक, नेपाल

**UDIN#250203CA01743kAnr6**

**मिति** २१।१०।२०८१

## श्री प्रदेश न.१ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लि.

दमक ०९,झापा,नेपाल

२०८१ आषाढ मसान्तको

## वित्तिय स्थितिको विवरण

| विवरण | अनुसुची | २०८१.०३.३१ | २०८०.०३.३१ |
|---|---|---|---|
| **पुंजी तथा दायित्व** | | | |
| चुक्ता शेयर पुंजी | १ | १४,८००,०००.०० | १४,५००,०००.०० |
| जगेडा तथा अन्य कोषहरु | २ | १,३५४,०१२.७० | ८१७,३४२.४५ |
| सदस्य शुल्क | ३ | ७१,०००.०० | ६७,०००.०० |
| अनुदान हिसाव | ४ | २,५६५,८५२.६२ | ३,२१४,३१०.२० |
| चालु दायित्व | ५ | ८७४,८७२.८० | १,४६३,३६०.५६ |
| अन्य दायित्व (व्यवस्थाहरु) | ६ | - | - |
| **कुल पुंजी तथा दायित्व** | | १९,६६५,७३८.१२ | २०,०६२,०१३.२० |
| **सम्पति तथा जायजेथा** | | | |
| नगद मौज्दात | ७ | ८९,१३८.०० | ३४२,८०६.०० |
| बैंक/वित्तिय संस्थामा रहेको मौज्दात | ८ | २,४९१,७००.१६ | ८,७७०,६२०.२९ |
| बाह्य लगानी हिसाव | ९ | ४००,५००.०० | ४००,५००.०० |
| चालु सम्पत्ति | १० | १३,१३९,०५७.४८ | ६,७८२,८३०.८१ |
| स्थिर सम्पत्ति | ११ | ३,५४५,३४२.४८ | ३,७६५,२५६.१० |
| **कुल सम्पत्ति** | | १९,६६५,७३८.१२ | २०,०६२,०१३.२० |

**महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी** १८

अनुसूची १ - १८ वित्तिय विवरणको स्थितिको अभिन्न अंग रहने

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

| | | | | |
|---|---|---|---|---|
| सन्दिप गिरी | अमृत गुरुङ | प्रेम सापकोटा | महेन्द्र कुमार गिरी | सि.ए. सुजन भट्टराई |
| **प्रबन्धक** | **लेखा समिति संयोजक** | **सचिव** | **अध्यक्ष** | **लेखापरीक्षक** |

**मितिः** २०८१।०९।१०

**स्थानः** दमक ,झापा

## श्री प्रदेश न.१ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लि.

दमक ०९,झापा,नेपाल

२०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्त सम्मको

### नाफा नोक्सान हिसाब

| विवरण | अनुसूची | आ.व. २०८०/०८१ | आ.व. २०७९/०८० |
|---|---|---|---|
| १. व्यापारिक कारोबारबाट आम्दानी | १२ | ८,७९७,८१६.९५ | ६,७०५,५४६.२१ |
| २. न्यून- व्यापारिक कारोबारको लागत खर्च | १३ | ६,१००,०९७.५३ | ५,१०४,४२७.९७ |
| **व्यापारीक कारोबारबाट खुद आम्दानी** | | २,६९७,७१९.४२ | १,६०१,११८.२४ |
| ३. अन्य सञ्चालन आम्दानी | १४ | ५११,९११.४९ | ३१३,२३१.०० |
| ४. बैंक तथा वित्तीय संस्थाबाट प्राप्त ब्याज | १५ | ५२६,१८३.३८ | १,१८९,४२८.९३ |
| **अन्य सञ्चालन आम्दानी** | | १,०३८,०९४.८७ | १,५०२,६५९.९३ |
| **कुल सञ्चालन आम्दानी** | | ३,७३५,८१४.२९ | ३,१०३,७७८.१७ |
| ५. कर्मचारी खर्च | १६ | १,३८३,०००.०० | ९६०,०००.०० |
| ६. प्रशासनिक खर्च | १७ | १,१९२,०८८.२९ | ९५०,३७९.३९ |
| ७. प्रशासनिक सम्पत्तिमा ह्रासकट्टी खर्च | ११ | १९०,७९९.३६ | ३३५,०३२.२७ |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको मुनाफा** | | ९६९,९२६.६३ | ८५८,३६६.५२ |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरु थप | | - | - |
| **सञ्चालन मुनाफा/(नोक्सान)** | | ९६९,९२६.६३ | ८५८,३६६.५२ |
| ९. गैर संचालन आम्दानी/खर्च | | - | - |
| १०. सम्भावित नोक्सानी व्यवस्था फिर्ता | | - | - |
| **कुल कारोबारबाट भएको मुनाफा** | | ९६९,९२६.६३ | ८५८,३६६.५२ |
| ११. कर्मचारी बोनस व्यवस्था | | - | - |
| **आयकर व्यवस्था पूर्वको सञ्चालन बचत** | | ९६९,९२६.६३ | ८५८,३६६.५२ |
| १२. यस वर्षको कर व्यवस्था | | ५२,०६५.६४ | ४२,९१८.३३ |
| १३. विगत वर्षसम्मको कर व्यवस्था | | - | - |
| **न्यून : आयकर व्यवस्था** | | ५२,०६५.६४ | ४२,९१८.३३ |
| **खुद नाफा (नोक्सान)** | | ९१७,८६१.०० | ८१५,४४८.१९ |

**महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी** १८

अनुसूची १-१८ वित्तिय विवरणको स्थितिको अभिन्न अंग रहने

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

| सन्दिप गिरी | अमृत गुरुङ | प्रेम सापकोटा | महेन्द्र कुमार गिरी | सि.ए. सुजन भट्टराई |
|---|---|---|---|---|
| **प्रबन्धक** | **लेखा समिति संयोजक** | **सचिव** | **अध्यक्ष** | **लेखापरीक्षक** |

**मितिः २०८१।०९।१०**
**स्थानः दमक ,झापा**

## श्री प्रदेश न.१ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लि.

दमक ०९,झापा,नेपाल

२०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्त सम्मको

### नाफाको बाँडफाँड

| विवरण | % | २०८१.०३.३१ | २०८०.०३.३१ |
|---|---|---|---|
| **आयव्यय खाताबाट आएको नाफा** | | ९१७,८६१.०० | ८१५,४४८.१९ |
| जगेडा कोष | २५ | २२९,४६५.२५ | २०३,८६२.०५ |
| जगेडा कोष पछिको नाफा | १०० | ६८८,३९५.७५ | ६११,५८६.१४ |
| संरक्षित पुजी फिर्ता कोष | २५ | १७२,०९८.९४ | १५२,८९६.५४ |
| सहकारी प्रवर्द्धन कोष | ०.५ | ३,४४१.९८ | ३,०५७.९३ |
| **बाँडफाँड योग्य नाफा** | १०० | ५१२,८५४.८३ | ४५५,६३१.६८ |
| शेयर लाभांश कोष | ५० | २५६,४२७.४२ | २२७,८१५.८४ |
| सहकारी शिक्षा कोष | ५ | २५,६४२.७४ | २२,७८१.५८ |
| घाटा पूर्ति कोष | ५ | २५,६४२.७४ | २२,७८१.५८ |
| संस्था विकास कोष | ५ | २५,६४२.७४ | २२,७८१.५८ |
| कर्मचारी बोनस कोष | ५ | २५,६४२.७४ | २२,७८१.५८ |
| डुब्बन्त ऋण कोष | ५ | २५,६४२.७४ | २२,७८१.५८ |
| विपत व्यवस्थापन जोखिम कोष | ५ | २५,६४२.७४ | २२,७८१.५८ |
| स्थिरीकरण कोष | ५ | २५,६४२.७४ | २२,७८१.५८ |
| सामुदायिक विकास कोष | ५ | २५,६४२.७४ | २२,७८१.५८ |
| सदस्य स्वास्थ्य उपचार कोष | ५ | २५,६४२.७४ | २२,७८१.५८ |
| सदस्य मृत राहत कोष | ५ | २५,६४२.७४ | २२,७८१.५८ |
| **जम्मा** | | ५१२,८५४.८३ | ४५५,६३१.६८ |

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

| | | | | |
|---|---|---|---|---|
| सन्दिप गिरी | अमृत गुरुङ | प्रेम सापकोटा | महेन्द्र कुमार गिरी | सि.ए. सुजन भट्टराई |
| **प्रबन्धक** | **लेखा समिति संयोजक** | **सचिव** | **अध्यक्ष** | **लेखापरीक्षक** |

मिति: २०८१।०९।१०
स्थान: दमक ,झापा

## श्री प्रदेश न.१ थोक उपभोक्ता विशिष्टिकृत सहकारी संघ लि.

दमक ०९,झापा,नेपाल

२०८० श्रावण १ गते देखि २०८१ आषाढ मसान्त सम्मको

## नगद प्रवाह विवरण

| विवरण | आ.व. २०८०/०८१ | आ.व. २०७९/०८० |
|---|---|---|
| **क) कारोबार संचालनबाट नगद प्रवाह** | | |
| नाफा/नोक्सान हिसाब | ९१७,८६१.०० | ८१५,४४८.१९ |
| गैर नगद खर्च तथा आम्दानी मिलान | - | - |
| १. ह्रासकट्टी खर्च | ६८४,४९७.७५ | ३३५,०३२.२७ |
| २. सम्पत्ति अपलेखन खर्च | - | - |
| ३. कर्जा नोक्सानी व्यवस्था | - | - |
| ४. सम्पत्ति निसर्गबाट खुद नाफा | (४,३७१.९७) | - |
| ५. गैर बैंकिङ सम्पत्ति नोक्सानी व्यवस्थाबाट फिर्ता | - | - |
| **चालु पुँजी गतिविधि अधिको नगद प्रवाह** | **१,५९७,९८६.७८** | **१,१५०,४८०.४६** |
| सञ्चालन सम्बन्धी चालु सम्पत्तिमा कमी/- वृद्धि | | |
| १. कर्जा तथा सापटीमा कमी/- वृद्धि | - | - |
| २.अन्य सम्पत्तिमा कमी/- वृद्धि | (६,३५६,२२६.६७) | (१,९५८,०६४.१६) |
| सञ्चालन सम्बन्धी चालु दायित्वमा - कमी/वृद्धि | - | - |
| १. निक्षेप दायित्वमा - कमी/ वृद्धि | ४,०००.०० | १६,०००.०० |
| २. चालु दायित्वमा - कमी/वृद्धि | (५८८,४८७.७६) | ३५१,२७२.७८ |
| **कारोबार संचालनबाट खुद नगद प्रवाह (क)** | **(५,३४२,७२७.६५)** | **(४४०,३१०.९२)** |
| **ख) लगानी कारोबारबाट नगद प्रवाह** | | |
| १. स्थिर सम्पत्ति - खरिद | (४८६,७६०.८३) | (३,२७७,६१५.२४) |
| इ. स्थिर सम्पत्ति - खरिद/बिक्री | २६,५४८.६७ | - |
| **लगानी कारोबारबाट खुद नगद प्रवाह (ख)** | **(४६०,२१२.१६)** | **(३,२७७,६१५.२४)** |
| **ग) वित्तिय श्रोत कारोबारबाट नगद प्रवाह** | | |
| १. दीर्घकालिन ऋण, बण्ड, डिबेन्चर आदीमा वृद्धि/- कमी | - | - |
| २. चुक्ता शेयर पुँजीमा वृद्धि/- कमी | ३००,०००.०० | ९००,०००.०० |
| ३. अन्य कोषमा वृद्धि/- कमी | - | - |
| ४. अनुदान हिसाबमा वृद्धि/- कमी | (६४८,४५७.५८) | २,२१४,३१०.२० |
| ५. लाभांश भुक्तानी | (३८१,१९०.७४) | |
| **वित्तिय श्रोत कारोबारबाट खुद नगद प्रवाह (ग)** | **(७२९,६४८.३२)** | **३,११४,३१०.२०** |
| **सम्पूर्ण गतिविधिबाट खुद नगद प्रवाह (क+ख+ग)** | **(६,५३२,५८८.१३)** | **(६०३,६१५.९६)** |
| नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ९,११३,४२६.२९ | ९,७१७,०४२.२५ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२,५८०,८३८.१६** | **९,११३,४२६.२९** |

महत्वपूर्ण लेखा सिद्धान्त, नीति तथा लेखा टिप्पणी १८

अनुसूची १-१८ वित्तिय विवरणको स्थितिको अभिन्न अंग रहने

हाम्रो आजको मितिको संलग्न प्रतिवेदनको आधारमा

| संदिप गिरी | अमृत गुरुङ | प्रेम लामिकोटा | महेन्द्र कुमार गिरी | सि.ए. सुजन भट्टराई |
|---|---|---|---|---|
| **प्रबन्धक** | **लेखा समिति संयोजक** | **सचिव** | **अध्यक्ष** | **लेखापरीक्षक** |

मिति: २०८१।०९।१०

स्थान: दमक ,झापा

# लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन



**अमृत गुरुङ**
**लेखा संयोजक**

यस संघको गरिमामय चौथो वार्षिक साधारणसभाका अध्यक्षज्यू, अन्य अतिथि गण, विभिन्न संघ संस्थाका प्रतिनिधि, कर्मचारी तथा पत्रकार एवम् सम्पूर्ण शेयर सदस्य संस्थाका प्रतिनिधिज्यूहरु सबैमा लेखा सुपरीवेक्षण समितिको तर्फबाट न्यानो सहकारी अभिवादन व्यक्त गर्न चाहन्छौं । यस संघले आर्थिक बर्ष २०८०।०८१ मा गरेको कारोबारको लेखा सुपरीवेक्षण समितिको तर्फबाट अनुगमन एवम् निरीक्षण गरी प्राप्त कैफियत, टिप्पणी तथा सुझावलाई सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, प्रदेश सहकारी ऐन २०७६ र प्रदेश सहकारी नियमावली २०७६ को अधिनमा रही आज यस गरिमामय सभामा लेखा सुपरीवेक्षण समितिको तर्फबाट प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

आदरणीय शेयर सदस्य संस्थाका प्रतिनिधिज्यूहरु, आज हाम्रो संघको चौँथो साधारणसभामा भाग लिइरहदा हामीले संघको गतिविधिमा कति समय दिन सकियो, कुन कुन कार्यमा सहभागी भएर संघको प्रगतिमा सहयोग गरियो एवं त्यसको प्रतिफल के रहयो भन्दा पनि हामीले स्थापना गरेको साझा संघलाइ आगामी दिनमा कस्तो बनाउने र हालसम्मको उपलब्धिलाई कसरी व्यवस्थित गर्ने भन्ने विषयमा गहन छलफल गर्नुपर्ने देखिन्छ । भौगोलिक दूरी, आःआफ्नै कार्य क्षेत्रको जिम्मेवारीको व्यस्तताले हामिले संघको कार्यमा समय दिन सकिरहेको छैन, तर संघको व्यवस्थापनमा रहेको साथीहरु र संचालक समितिको कार्य सन्तोषजनक रहेको देखिन्छ । लेखा सुपरीवेक्षण समितिले तथ्याङ्क मात्र नहेरि संघको समग्र संचालनको गतिविधि एवंम कारोबारको अवस्था, बैठकको निर्णय र कार्यन्वयन समेतको विश्लेषण गरि संक्षेपमा प्रतिवेदन तयार गरिएको र संचालक समितिको आगामि दिनहरुमा गरिने कार्यको प्रस्तुतिनै संघको भावि कार्य र त्यसबाट प्राप्त हुने उपलब्धि निर्धारण गरिएको छ ।

लेखा सुपरीवेक्षण समितिको आगामि भूमिका सक्रियता पुर्वक गरिने व्यहोरा यहाँहरु समक्ष राख्दै यो प्रतिवेदनको अन्त्य गर्ने अनुमति चाहन्छु ।

धन्यवाद !
जय सहकारी

# गतिविधिका झलकहरु


Alpine
Product Sampling & Testing


स्वागतम् चिया
STALL


हाम्रा उत्पादनहरु




LAXMI CYCLE STORE


PATHIVARA





# प्रदेश नं. १

# थोक उपभोक्ता विशिष्टिकृत

# सहकारी संघ लिमिटेड


**दमक - ९, झापा**

**फोन : ०२३-५८५६४०**

Email: pradeshthokupabhokta78@gmail.com

Website: www.thokupabhokta.coop.np


SCEN & READ

